# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाखीबास धनकुटा
## २०७३
## १ नं.प्रदेश नेपाल

## सूचना

**प्रकाशित मितिः- २०७९/१०/१०**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.२७९, मिति २०७९/१०/०४ को प्राप्त पत्र साथै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९/०९/२९ को **वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना** अनुसार यस पाखीबास नगरपालिकामा बसोबास गर्ने सो पुरस्कार प्राप्त गर्न योग्यता पुगेका नेपाली नागरिकहरुले मिति २०७९/१०/१९ गते भित्र रोजगार सेवा केन्द्र पाखीबासमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

यस विषयमा थप जानकारीको लागि मन्त्रालयको यसैसाथ संलग्न रहेको सूचना तथा कार्यविधि हेर्नुहुन अथवा मोबाइल नं. ९८४२९५११५४ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

७९/१०/१०

गोर्ख बहादुर तामाङ
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

**वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः- २०७९।०९।२९

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि (संसोधन समेत), २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (मिति २०७९।१०।१९ गते) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनुरोध गरिन्छ ।आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट www.moless.gov.np वाट download गर्न सकिनेछ। थप जानकारी लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ०१-४२००४७६/मो. नं.: ९८४०६१०६३० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात ( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| • कार्य भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>• वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूतमन १ वर्ष पुरा भएको,<br>• विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यसप्रकारको पुरस्कार प्राप्त नगरेको । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) आय कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) गत आ.व. २०७८।०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

**पुनश्चः** विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवेदन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन् ।

# विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६

**स्वीकृत मितिः२०७६।११।०८**

**पहिलो संशोधन : २०७८।०८।१०**

**<u>प्रस्तावना</u>** : वैदेशिक रोजगारीबाट फर्केका नेपालीहरुले वैदेशिक रोजगारको सिलसिलामा आर्जन गरेका ज्ञान, सीप, अनुभव र पूँजीलाई सदुपयोग गर्न राज्यबाट विशेष प्रोत्साहन गरी विदेश जाने वा विदेशमा नै अवैधानिक तवरले बस्ने प्रवृतिमा न्यूनीकरण गर्न र उनीहरुलाई आयमुलक तथा रोजगारमुलक कार्यमा लाग्न थप प्रेरणा दिने *उद्देश्यले उद्यमी राष्ट्रिय सम्मान पुरस्कार प्रदान गर्न बस्तुनिष्ठ तवरले मूल्यांकनका आधार निर्धारण गरी छनौट गर्न आवश्यक भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को दफा ५२क. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६" रहने छ ।

(२) यो कार्यविधि नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(१) "मन्त्रालय" भन्नाले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

+(१क) "कार्यविधि" भन्नाले विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६ सम्झनु पर्छ।

(२) "विदेशमा कामगरी फर्केका उद्यमी" भन्नाले विदेशमा रोजगार गरी स्वदेश फर्केर आफ्नो स्वामित्वमा उद्योग वा व्यवसाय संचालन एवं व्यवस्थापन गर्ने उद्यमीलाई सम्झनु पर्छ । सो शब्दले त्यस्ता व्यक्तिको परिवारले सञ्चालन गरेको व्यवसायको उद्यमलाई समेत जनाउनेछ ।

*(३) "समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिमको मूल्यांकन तथा सिफारिस समितिलाई सम्झनु पर्छ ।

३. ⊗ ............................ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

+ पहिलो संशोधनद्वारा थप ।

⊗ पहिलो संशोधनद्वारा झिकिएको ।

४. **<u>उद्यमी छनौटको सूचना</u>** : (१) मन्त्रालयले प्रत्येक वर्ष अनुसूची १ को ढाँचामा उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार र उद्यमी राष्ट्रिय पुरस्कारको आवेदन गर्नको लागि कम्तिमा एक्काइस (२१) दिनको म्याद दिई राष्ट्रिय स्तरको कुनै पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ। सो सूचना आफ्नो वेवसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ। सूचनामा दफा ६.१ वमोजिमको आधारहरु स्पष्ट खुलाउनु पर्नेछ।

+(१क) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार आवेदन गर्न कार्यविधिमा उल्लिखित अन्य शर्तका अतिरिक्त आवेदकले श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई न्यूनतम एक वर्ष विदेशमा काम गरी स्वदेश फिर्ता भएको र स्वदेशमा व्यवसाय सञ्चालन गरेको न्यूनतम एक वर्ष पूरा भएको हुनुपर्नेछ।

(२) छनौटका आधारहरुलाई वर्गीकृत गरी तयार गरिएको मूल्यांकन सूचकहरु अनुसूची-३ मा तोकिए बमोजिम हुनेछ।

(३) आवेदकबाट प्राप्त आवेदनमा कर चुक्ता/दाखिला प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ। कर चुक्ता/दाखिला प्रमाणपत्र पेश नभएका आवेदनहरु स्वतः रद्द हुनेछन्।

(४) उपदफा (१) वमोजिम आवेदकहरुबाट प्राप्त कागजात तथा आधारहरुको छानविन, विश्लेषण र मूल्यांकन गरी समितिले मन्त्रालयलाई सिफारिश गर्नेछ। पुरस्कारको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको आवेदन फाराम भरी मन्त्रालयलमा दर्ता गराउनु पर्नेछ।

५. **<u>मूल्यांकन तथा सिफारिश समिति</u>** : (१) राष्ट्रिय सम्मान पुरस्कारका लागि छनौट गर्न देहाय बमोजिमको छ सदस्यीय सिफारिस समितिको व्यवस्था गरिएको छ ।

| | | |
|---|---|---|
| (क) | सहसचिव, रोजगार व्यवस्थापन महाशाखा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | संयोजक |
| *(ख) | महानिर्देशक, बैदेशिक रोजगार विभाग | सदस्य |
| *(ग) | प्रतिनिधि,(रा.प.द्वि.श्रेणी), लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| (ङ) | उपसचिव (कानून), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य |
| (च) | उपसचिव, रोजगार समन्वय तथा सूचना शाखा, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य सचिव |

(२) सिफारिश समितिको सचिवालयको रुपमा मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखाले काम गर्नेछ ।

+ पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(३) सिफारिश समितिको सचिवालयमा आवश्यकतानुसार अधिकृत तथा अन्य कर्मचारीहरु रहनेछन्।

+(४) समितिले बैठकमा विषयसँग सम्बन्धित क्षेत्रका व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

६. **<u>छनौटको आधार</u>** : (१) उद्यमी पुरस्कारको लागि छनौट गर्दा देहायका विषयहरुमा देहाय अनुसार १०० पूर्णाङ्कमा मूल्यांकन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | रोजगारी सिर्जना | ३० |
| (ख) | पूँजी लगानी | २० |
| (ग) | स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग | १० |
| (घ) | उत्पादन निर्यात गरेको | १० |
| (ङ) | सामाजिक दायित्व बहन (स्थानीय स्तरमा आर्थिक सहयोग, जस्तै विद्यालय,कलेज च्यारिटीमा योगदान) | १० |
| (च) | वातावरण मैत्री प्रविधी प्रयोग तथा प्रदुषण व्यवस्थापन | १० |
| (छ) | उद्यम संचालन गरेको भौगोलिक क्षेत्र | १० |

(२) उद्यमी छनौट गर्दा सम्भव भए सम्म सातवटै प्रदेशबाट न्युनतम एक जना नछुट्ने गरी छनौट/सिफारिश गर्नु पर्नेछ।

*(३) समितिले उपदफा (१) बमोजिमको मूल्यांकनका आधारमा एक जनालाई रु. एक लाख पचास हजार रकमको उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार र बढीमा सात जनालाई जनही रु. पचहत्तर हजार रकमको उद्यमी राष्ट्रिय पुरस्कारको लागि सिफारिस गर्नेछ ।

⊗(४) ........................................................।

(५) दफा ४ को सूचना बमोजिम आवेदन गर्ने उद्यमीहरुका आवेदनलाई दफा ५ बमोजिमको समितिले प्रारम्भिक मूल्यांकनबाट छोटो सूची (Short List) वनाउन सक्नेछ। छोटो सूचीमा परेका उद्यमीहरुको उद्यमको समितिका सदस्य वा तोकिएका प्रतिनिधिबाट स्थलगत निरीक्षण गरी प्रतिवेदन लिन सकिनेछ।

(६) एक पटक पुरस्कृत भइसकेको उद्यमीलाई कम्तीमा ५ वर्षसम्म सोही उद्योग, व्यवसाय उत्पादन र एउटै सेवा योगदानको लागि पुनः पुरस्कृत गरिने छैन।

(७) सिफारिश समितिले उल्लेखित मूल्यांकनका शर्तहरुलाई आधार मानी अनुसूची - ४ वमोजिमको ढाँचामा छनौटको लागि सिफारिस गर्नेछ।

---

+ पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

⊗ पहिलो संशोधनद्वारा खारेज गरिएको ।

(८) उपरोक्त समितिको सिफारिशका आधारमा मन्त्रालयले उत्कृष्ट/सम्मानित उद्यमीलाई नगद पुरस्कार तथा सम्मानपत्रद्वारा सम्मानित गर्नेछ।

+६क. **विविध :** (१) यस कार्यविधिको दफा ६ को उपदफा (८) बमोजिम सम्मानित हुने उद्यमीलाई पुरस्कार ग्रहण गर्न आउँदा जाँदा अधिकृतस्तरको भ्रमण खर्च मन्त्रालयले उपलब्ध गराउनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि दुई वा सो भन्दा बढी उद्यमीहरुले संयुक्त रुपमा सञ्चालन गरेको साझेदारी फर्मको हकमा सञ्चालकहरुलाई संयुक्त रुपमा एउटा मात्र पुरस्कार प्रदान गरिनेछ।

(३) मन्त्रालयले पुरस्कार तथा सम्मान प्रदान गर्न छनौट भएका उद्यमीको विवरण अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

+६ख. **बाधा अड्काउ फुकाउ तथा हेरफेर :** मन्त्रालयले यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा व्यवधान देखिएमा त्यस्तो बाधा अड्काउ फुकाउन तथा अनुसूचीमा आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।

७. **खारेजी तथा बचाउ :** विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७३ खारेज गरिएको छ । उक्त कार्यविधि अनुसार भए गरेका काम यसै कार्यविधि अनुरुप भएको मानिनेछ।

---

+ पहिलो संशोधनद्वारा थप ।

*अनुसूची-१
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः-**

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (मिति ............) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना ........ मा पठाउनु हुन अनुरोध गरिन्छ ।आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट www.......... बाट download गर्न सकिनेछ। थप जानकारी लागि www....... हेर्नुहुन वा फोन नं. .......... मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| **आवश्यक योग्यता** | **अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात ( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने)** |
|---|---|
| • कार्य भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>• वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूनतम १ वर्ष पुरा भएको,<br>• विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) गत आ.व. ......को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

**पुनश्चः** विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवदेन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन् ।

* पहिलो संशोधनद्वारा संशोधित ।

*अनुसूची -२

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

## विदेशमा काम गरी फर्केका उत्कृष्ट उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन फारम

श्रीमान् सचिवज्यू,

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,

सिंहदरवार, काठमाण्डौ ।

महोदय,

म ............वर्ष ............................... मुलुकमा वैदेशिक रोजगारीमा रही स्वदेश फर्किएको हुँदा मिति २० । । प्रकाशित सूचना बमोजिम देहायमा उल्लिखित विवरण भरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. नाम थर:

२. आमाको नाम:

बाबुको नाम:

३. वाजेको नाम:

४. स्थायी ठेगाना:

५. व्यवसाय गरेको ठेगाना:

(नागरिकताको छाँयाप्रति संलग्न गर्नु पर्नेछ)

६. वैदेशिक रोजगारीमा गएको देशको नाम र बसेको अवधि क्रमश:

| | **मुलुकको नाम** | **बसाइ अवधि** |
|---|---|---|
| क. | .................. | ..................... |
| ख. | .................. | ..................... |
| ग. | .................. | ..................... |

७. विदेशमा रहदा गरेको कामको प्रकृति/(विवरण) सिकेको सीप र ज्ञान:

..........................................................................................

* पहिलो संशोधनद्वारा संशोधित ।

८. राहदानी नं:

Departure र Arrival मिति र Visa समेत देखिने गरी (राहदानीको छाँयाप्रति संलग्न गर्नुपर्ने)

९. नेपालमा फर्की शुरु गरेको व्यवसायको नाम:

..............................................................................................................

१०. व्यवसायको दर्ता नं.:

११. व्यवसाय दर्ता गरेको मिति :

(व्यवसाय दर्ता प्रमाणपत्रको छायाँप्रति संलग्न गर्नुपर्ने)

१२. व्यवसायको VAT/PAN नं.:

१३. आवेदक (संचालक) को PAN नं.:

१४. उद्योगको प्रकृति उल्लेख गर्नुहोस । चिनो (v) लगाउनुहोस् ।

(क) कृषि पशुपालन

(ख) उत्पादन सम्बन्धी उद्योग

(ग) प्रशोधन र प्याकिजिङ्ग

(घ) होटल तथा पर्यटन

(ङ) अन्य:(उल्लेख गर्नुहोस्) ...............

१५. व्यवसायमा संलग्न रोजगारी संख्या:

१६. उद्योग/ व्यवसायमा लगानी गरेको पूँजी रकम:

१७. स्थानीय स्रोत साधन उपयोग गरेको भए के के उपयोग भएका छन् सो समेत खुलाउने (स्रोतको परिमाण ) ,....................................................

१८. उद्योग/व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ र प्रविधि:- चिनो (v) लगाउनुहोस् ।

(क) सबै स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने ।

(ख) ५० प्रतिशत वा सो भन्दा बढी स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने।

(ग) ५० प्रतिशत भन्दा कम स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने ।

१९. यदि निर्यातमूलक उद्योग भए वार्षिक कति रकम बराबरको कुन बस्तु निर्यात हुन्छ खुलाउने (रकम समेत उल्लेख गर्नुहोस् )

( क) निर्यात हुने बस्तुको विवरण: ......................................................

(ख) वार्षिक निर्यात भएको बस्तुको कूल रकम: ................................

(ग) कूल उत्पादित बस्तु मध्ये वार्षिक रुपमा निर्यात हुने बस्तुको प्रतिशत उल्लेख गर्नुहोस: चिनो (v) लगाउने

(१) ६० प्रतिशत भन्दा बढी निर्यात हुने गरेको

(२) ३० देखि ६० प्रतिशतसम्म निर्यात हुने गरेको
(३) ३० प्रतिशत भन्दा कम निर्यात हुने गरेको ।
(विदेशी मुलुकमा निर्यात गरेको प्रमाण पेश गर्नुपर्ने)

२०. सामाजिक दायित्व बहन गरेको भए के कस्तो संस्थालाई कहिले, कसरी र कति रकम बराबरको योगदान गरेको हो नगद वा वस्तुगत खुलाउने (स्थानीय स्तरमा सामाजिक कार्यमा आर्थिक/बस्तुगत सहयोग, जस्तैः विद्यालय, कलेज, क्लब आदिमा आर्थिक योगदान)

.............................................................................................................

(योगदान गरेको पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने । यदि वस्तुगत सहयोग गरेको भए कति रकम बराबरको सहयोग गरेको हो सो खुलाउनुपर्ने )

२१. वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन गरेको भए के कस्तो प्रविधि कसरी प्रयोग भएको छ खुलाउने ।

................................................ .................................................

(वातावरण मैत्री प्रविधि प्रयोग गरेको प्रमाण पेश गर्ने )

२२. उद्यम संचालन भएको स्थान देहायका मध्ये कुन स्थानीय तह अन्तर्गत पर्दछ खुलाउनुहोस् । चिनो (√) लगाउने

(क) गाँउपालिका क्षेत्रभित्र संचालन
(ख) नगरपालिका क्षेत्रभित्र संचालन
(ग) उपमहानगरपालिका/महानगरपालिका क्षेत्रभित्र संचालन

**नोटः आफुले उल्लेख गरेका विषयहरुको आवश्यकतानुसार पुष्ट्याइ गर्ने कागजात संलग्न गर्नुपर्नेछ ।**

**<u>निवेदक</u>**

हस्ताक्षर ...........................
नाम थरः
ठेगानाः
मितिः
सम्पर्क फोन नं.:
इमेलः
संस्थाको छापः

*अनुसूची -३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

उद्यमी छनौट गर्ने मूल्यांकनका सूचक

१. उद्यमी पुरस्कारको लागि १०० पूर्णाङ्कमा मूल्यांकन गरिनेछ । यसरी मूल्यांकन गर्दा देहायका विषयहरुमा देहाय अनुसार मूल्यांकन गरिने छ ।

| | |
|---|---|
| **(क) रोजगार सिर्जना** | **३०** |
| २५ जना भन्दा माथि | ३० |
| १६-२५ जनासम्म | २० |
| ६-१५ जनासम्म | १० |
| ५ जनासम्म | ५ |
| **(ख) पूँजी लगानी** | **२०** |
| १ करोड माथि | २० |
| ५१ लाखदेखि १ करोडसम्म | १५ |
| २६ लाखदेखि ५० लाखसम्म | १० |
| २५ लाखसम्म | ५ |
| **(ग) स्थानीय स्रोत, साधन र प्रविधिको प्रयोग** | **१०** |
| सवै स्थानीय स्रोत, साधन र प्रविधिको प्रयोग भएमा | १० |
| ५० प्रतिशत भन्दा वढि प्रयोग भएमा | ५ |
| ५० प्रतिशत भन्दा कम प्रयोग भएमा | ३ |

* पहिलो संशोधनद्वारा संशोधित ।

**(घ) उत्पादन निर्यात गरेको** **१०**

कूल उत्पादनको ६० प्रतिशतभन्दा बढी निर्यात हुने: १०

कूल उत्पादनको ३०-६० प्रतिशत सम्म निर्यात हुने: ५

कूल उत्पादनको ३० प्रतिशत भन्दाकम निर्यात हुने : ३

**(ङ) सामाजिक दायित्व बहन** **१०**

(स्थानीय स्तरमा सामाजिक कार्यमा आर्थिक तथा वस्तुगत सहयोग, जस्तै विद्यालय, कलेज, क्लब वा अन्य कार्यमा आर्थिक योगदान)

रु. १ लाख भन्दा बढी योगदान गर्नेलाई १०

रु. ५० हजारदेखि १ लाख सम्म योगदान गर्नेलाई ५

रु. १५ हजारदेखि ४९ हजार सम्म योगदान गर्नेलाई ३

**(च) वातावरणमैत्री प्रविधिको प्रयोग तथा प्रदुषण व्यवस्थापन** **१०**

गुणस्तरीय वातावरणमैत्री प्रविधिको प्रयोग गरेको भएमा १०

वातावरणमैत्री प्रविधिको प्रयोग सामान्य गरेको भएमा ५

**(छ) दुर्गम एंव विकट क्षेत्र वा गाउँ घरमा उद्योग स्थापना र व्यवसाय संचालन** **१०**

गाउँपालिका क्षेत्रभित्र संचालन भएमा १०

नगरपालिका क्षेत्रभित्र संचालन भएमा ५

महानगर/उपमहानगरपालिका क्षेत्रभित्र संचालन भएमा: ३

अनुसूची-४

(दफा ६ को उपदफा (७) सँग सम्बन्धित)

## उद्यमी छनौट तथा सिफारिस प्रतिवेदन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आ.व. ………… को वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै उद्यम गरेका उद्यमीहरुलाई पुरस्कृत गर्ने कार्यक्रमका लागि मन्त्रालयबाट मिति ………… ………… मा प्रकाशित सूचना अनुसार दरखास्त दिएका आवेदकहरु मध्येबाट कार्यविधिको सूचक अनुसार मूल्यांकन गर्दा तपसिल वमोजिमका आवेदकहरुलाई पुरस्कृत गर्ने समितिबाट सिफारिस भएको छ ।

क) कार्यक्रमको नामः-

ख) सूचना प्रकाशन मितिः-

ग) आवेदक संख्याः-

घ) मूल्यांकन समितिको वैठक संख्याः-

ङ) मूल्यांकन समितिबाट पुरस्कारका लागि सिफारिस भएका उद्यमीहरुः-

(उद्यमीको नामथर, ठेगाना, पुरस्कार रकम, पुरस्कारको नाम)

१.

२.

३.

४.

५.

६.

७.

८.